**संघीय संसद**

**प्रतिनिधि सभा**

**महिला तथा सामाजिक मामिला समिति**

**(बैठक निर्णय-३५)**

मितिः २०८१/०३/२६ गते

प्रारम्भः बिहान ११: ०० बजे

समाप्तः  दिनको १: ४५ बजे

समितिको आजको बैठक माननीय सभापति श्री किरण कुमार साहको सभापतित्वमा बसी निम्नानुसार छलफल तथा निर्णय गरियो ।

१. राज्यको मूल प्रवाहमा दलित समुदायको समावेशीताको अवस्था र यस सम्बन्धमा राष्ट्रिय दलित आयोगले खेलेको भूमिका विषयक छलफलमा दलित समुदायको लागि संवैधानिक एवं कानूनी रुपमा भएको व्यवस्था, आयोगले गर्दै आएका प्रयास र भावी दिनमा गर्नुपर्ने कार्यका सन्दर्भमा राष्ट्रिय दलित आयोगका तर्फबाट प्रस्तुती भयो । छलफलका क्रममा भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमीन उपलब्ध गराउनु पर्ने र आवासविहीन दलितलाई कानून बमोजिम बसोबासको व्यवस्था गर्ने भनी संविधानमा भएको मौलिक हकको कार्यान्वयनमा जोड दिनुपर्ने, दलितभित्रका पनि कमजोर दलित र तराइ समुदायमा रहेका दलितहरु थप विभेदमा रहेकाले सबै वर्गका र सवै क्षेत्रमा रहेका तल्लो तहका दलितहरुको पहिचान गरी आवश्यकताका आधारमा राज्यको संरचनामा समानुपातिक प्रतिनिधित्व गराउने गरी कानूनमा सुधार गर्नुपर्ने, पहाडका तथा मधेशका दलितहरुको थर सूचिकरण प्रतिवेदन स्वीकृत गर्न पहल गर्नुपर्ने लगायतका विषयमा छलफल भयो ।

२. समितिको अर्को बैठक सचिवालयबाट सूचना भएपछि बस्ने गरी आजको बैठक यहि स्थगित गर्ने निर्णय गरियो ।

**समितिको सचिव** **सभापति**